## निर्णयहरु

### निर्णय नं. १

कार्यपालिकाको अघिल्लो ४५ औं वैठकमा भएका ४ वटा निर्णय र सो सम्बन्धमा भएको कार्य प्रगतिवारे छलफल तथा समीक्षा गरियो।

कोभिड १९ को दोस्रो लहरको संक्रमण न्यूनिकरण र व्यवस्थापनका लागि यस अघिको वैठकमा गरिएको निर्णय वमोजिम आइसोलेशन कक्ष स्थापना, स्वास्थ्य सामाग्री व्यवस्थापन र हेल्प डेस्क सञ्चालनमा आइसकेको हुँदा कार्यान्वयनमा सहयोग पुर्याउने सम्बध्द सबै पक्षलाई धन्यवाद प्रदान गर्ने साथै कोरोनाको दोस्रो लहरको कारण आगामी आ.व. २०७८/०७९ को योजना तर्जुमाका कार्यतालिका प्रभावित भएकाले स्वास्थ्यको मापदण्ड पालना गरी योजना तथा वजेट निर्माणका कार्य सुचारु गर्ने ।

### निर्णय नं. २

प्रतिनिधी सभाका पूर्व सदस्य एवं साविक जिल्ला विकास समिति रामेछापका भुतपूर्व सभापति शिव वहादुर खड्काको मिति २०७८ वैशाख १९ गते भएको निधन प्रति शोक प्रस्ताव पारित गर्दै हार्दिक समवेदना प्रकट गर्ने

### निर्णय नं. ३

यस नगरपालिकामा सञ्चालित सुरक्षित आप्रवासन (सामी) कार्यक्रमको वैदेशिक रोजगारी प्रोफाइल तयारीका लागि तोकिएको योग्यता वमोजिमका तथ्याँङ्क संकलक वडा मार्फत छनौट गर्न सार्वजनिक सूचना प्रकाशन गर्ने ।

### निर्णय नं. ४

नेपाल सरकार केन्द्रीय तथ्यांक विभागबाट राष्ट्रिय जनगणना २०७८ का लागि खटिएका सुपरीवेक्षक तथा गणकलाई सम्बध्द सबै पक्षले सक्रीय सहयोग उपलब्ध गराउने ।

## निर्णय नं. ५

कोभिड १९ को दोस्रो लहर नेपालमा पनि भयावह रुपमा वढ्दै गएको छ । यसबाट यस नगरपालिका पनि अछुतो रहन सकेको छैन । पिसिआर परिक्षणको आधारमा संक्रमण पुष्टी भएका नागरिकको तुलना गर्दा यसको महामारी मन्थली नगरक्षेत्रमा पनि कहालीलाग्दो रुपमा फैलिएको अनुमान गर्न सकिने अवस्था देखिएको छ । कोभिडको लक्षण देखा परेका रोगीको संख्या दैनिक रुपमा वढ्दै गएको, परिक्षणका आधारमा कोभिड संक्रमितको संख्या कोभिडको पहिलो लहरको तुलनामा कैंयौ गुणा वढी देखिएकोले मिति २०७८ वैशाख २० गतेदेखि अर्को आदेश नभएसम्मका लागि मानिसको चहलपहल वढी हुने यस नगरपालिकाको देहायका क्षेत्रहरुमा अत्यावश्यक सेवा वाहेक सबै सेवा बन्द गर्न जिल्ला प्रशासन कार्यालय रामेछापमा सिफारिस गर्ने ।

तपसिल

१. मन्थली नगरपालिकाका वडा नं. १ मन्थली वजार एवं थापाचोक,
२. वडा नं. २ करम्बोट,
३. वडा नं. ३ मदौ,
४. वडा नं. ६ सेलेघाट,
५. वडा नं. ७ मुगिटार,
६. वडा नं. ८ गाईखुरा,
७. वडा नं. १३ को देविटार एवं मिल्ती वजार
८. वडा नं. १४ को पोखरी वजार

## निर्णय नं. ६

यस नगर गरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्माणका लागि नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

## निर्णय नं. ७

यस नगर क्षेत्रभित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरुमा विज्ञान शिक्षकको अभाव रहेकोले माध्यामिक विद्यालयमा माध्यामिक तहमा विज्ञान शिक्षक भर्नाका लागि लगातार तीन

पटकसम्म विज्ञापन प्रकाशन गर्दा पनि अध्यापन अनुमति प्राप्त उम्मेदवारको आवेदन प्राप्त नभएमा योग्यता पुगेको आवेदकको अध्यापन अनुमति पत्र नभएमा पनि प्रतिस्पर्धामा सामेल गराई छनौटमा परेको आवेदकलाई प्रक्रिया पुर्याई शिक्षक पदमा छनौट गर्ने । साथै मन्थली माध्यामिक विद्यालयले विज्ञान विषयमा अध्ययन गराई विज्ञान शिक्षा प्राप्त जनशक्ति उत्पादनमा जोडदिन विज्ञान विषय अध्ययन गर्ने छात्रछात्रालाई लक्षित गरी छात्रावास सञ्चालनका लागि प्रस्ताव पेश गरेकाले सो प्रस्ताव वमोजिम रु सात लाख रुपैया सहयोग उपलब्ध गराउने ।

<u>निर्णय नं. ८</u>

जिल्ला निर्वाचन कार्यालय रामेछापले आफ्नो भवन निर्माण भईरहेको स्थान मनपा १ वसपार्कमा निर्वाचन कार्यालयको निर्माणाधिन भवन र अस्थायी कम्पाउण्डको बीचमा रहेको दुई आना दुई पैसा जग्गा कतै पनि हक हस्तान्तरण नहुने, जग्गाको संरचना परिवर्तन नहुने गरी सार्वजनिक जग्गा संरक्षणका लागि माग गरेकाले सो माग निवेदका सम्बन्धमा १ नं. वडा कार्यालयको समन्वयमा जग्गा संरक्षण कार्य अगाडि वढाउने ।

<u>निर्णय नं. ९</u>

नगरपालिकाबाट मस्यौदा भई पेश भएका देहाय वमोजिमका विधेयकहरु अध्ययन गरी आगामी वैठकमा सुझाव सहित पेश गर्ने ।

(क) आर्थिक कार्यविधि (नियमित तथा व्यवस्थित गर्न वनेको) विधेयक २०७८

(ख) वातावरण तथा प्राकृतिक श्रोत संरक्षण विधेयक २०७८

<u>निर्णय नं. १०</u>

मन्थली नगरपालिकाका विभिन्न वडामा सञ्चालित घटना दर्ता प्रक्रियालाई कोभिड १९ को न्यूनतमा मापदण्ड अपनाई निरन्तरता दिने ।

२०८०।१।१५

निर्णय नं. ११

मन्थली नगर विकास समितिले मन्थली नगरपालिका वडा नं. १ को विपिको शालिक नजिकै घरेलु तथा साना उद्योग कार्यालयको सहयोगमा निर्माणाधिन भवनमा भवन निर्माण मापदण्डको पालना नभएको गुनासो आएकाले भवन निर्माणको न्युनतम मापदण्ड पालना गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराउने ।

निर्णय नं. १२ वागमती प्रदेश सरकारको सहयोगमा मन्थली नगरपालिकामा कार्यरत खेलकुद प्रशिक्षक स्वयंसेवकको सेवा अत्यावश्यक भएकाले साविकमा प्रदेश सरकार वागमती प्रदेशले उपलब्ध गराएको सेवा सुविधा प्रदान गर्ने गरी खेलकुद प्रशिक्षक स्वयंसेवकको सेवालाई निरन्तरता दिने ।

निर्णय नं. १३ मन्थली प्राथमिक सेवा केन्द्रमा विरामीको चाप अत्याधिक रुपमा वढ्दै गएकोले केन्द्रका लागि आवश्यक एम्वुलेन्स खरीद गर्न र प्राथमिक स्वास्थ्य केन्द्रलाई १५ शैयाको अस्पताल बनाउन आवश्यक भवन निर्माणका लागि आवश्यक रकम उपलब्ध गराउन सामाजिक विकास मन्त्रालय वागमती प्रदेशमा अनुरोध गर्ने ।

निर्णय नं. १४ आधारभूत स्वास्थ्य केन्द्र सञ्चालनमा रहेका यस नगरपालिकाका वडाहरुमा सम्बन्धित वडा कै महिला स्वास्थ्य स्वयं सेविकालाई सम्बन्धित वडा कै आधारभुत स्वास्थ्य केन्द्र मार्फत परिचालन गर्ने ।

निर्णय नं. १५ थप आर्थिक दायित्व सृजना भएका निर्णयको हकमा आगामी नगरसभामा अनुमोदनका लागि पेश गर्ने ।